गाउँ कार्यपालिका बैठक संख्याः-२/२०८२/०८३

आजमिति २०८२/०७/२५ गतेका मंगलबारका दिन यस फेदीखोला गाउँपालिकाका अध्यक्ष श्री घनश्याम सुवेदी ज्यूको अध्यक्षतामा फेदीखोला गाउँ कार्यपालिकाको बैठक वसी निम्न निर्णय गरियो ।

तपशिल

| सि.नं. | पद | अध्यक्ष र सदस्यहरुको नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री घनश्याम सुवेदी | | |
| २ | उपाध्यक्ष | श्री देउ कुमारी गुरुङ् | | |
| ३ | सदस्य | श्री अमृत क्षेत्री | | |
| ४ | सदस्य | श्री अविलास गुरुङ् | | |
| ५ | सदस्य | श्री कृष्ण बहादुर रानाभाट | | |
| ६ | सदस्य | श्री ख्यामनारायण पौडेल | | |
| ७ | सदस्य | श्री डिल बहादुर गुरुङ् | | |
| ८ | सदस्य | श्री सुमिता मिजार | | |
| ९ | सदस्य | श्री टेकमाया गुरुङ् | | |
| १० | सदस्य | श्री सम्झना सुनार | | |
| ११ | सदस्य | श्री पार्वती कुमारी क्षेत्री | | |
| १२ | सदस्य | श्री सिमा बि.क. | सीमा | |
| १३ | सदस्य | श्री काले सार्की | काले | |
| १४ | सचिव एवं प्र.प्र.अ. | श्री विष्णु प्रसाद पोखरेल | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| १ | अधिकृतस्तर आठौं | श्री टिकाराम सुवेदी | | |
| २ | अधिकृतस्तर सातौं | श्री तारानाथ पौडेल | | |
| ३ | अधिकृतस्तर छैटौ | श्री ढाकाराम मरासिनी | | |
| ४. | सुचना प्र० अ० | श्री सिर्जन पौडेल | | |
| | | | | |

# फेदीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक संख्याः ०२/२०८२-०८३

मितिः २०८२ साल कार्तिक २५ गते मगलबार
समयः विहान ८:०० बजे
स्थानः फेदीखोला गाउँपालिकाको सभाहलमा रहेको बैठक कक्ष

प्रस्तावहरुः

- ✓ भुमी बैक सञ्चालन कार्यविधि २०८२ सम्वन्धमा ।
- ✓ पोषण कार्यक्रम कार्यविधि २०८२ सम्वन्धमा ।
- ✓ घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि २०८२ सम्वन्धमा ।
- ✓ कृषक पाठशाला तथा कृषि तालिम सञ्चालन कार्यविधि २०८२ सम्बन्धमा।
- ✓ प्रशासकीय भवनको परिसरमा वालकम्पाउण्ड गर्नका लागि बजेट सुनिश्चिता सम्वन्धमा ।
- ✓ गाउपालिका Website सञ्चालन गर्न का लागि पत्राचार सम्वन्धमा ।
- ✓ प्रशासकीय भवनको परिसरको चारकिल्ला साथै चर्चेको जग्गा सम्वन्धमा
- ✓ शशर्त कार्यक्रम अन्तर्गत वडा न ४ योजना को स्थान तोक्ने सम्वन्धमा
- ✓ राष्ट्रपती रनिङ शिल्ड कार्यक्रम सञ्चालन सम्वन्धमा ।
- ✓ योजना सञ्चालन सम्वन्धमा
- ✓ शिक्षकहरुको योगदानमा आधारित रकम फिर्ता गर्ने सम्वन्धमा
- ✓ नवप्रवर्तन साझेदारी परियोजना कार्यक्रम योजना स्वीकृत सम्वन्धमा ।
- ✓ राजश्वको हाल सम्मको स्थिति सम्वन्धमा
- ✓ हाल सम्मको आय व्यय सम्वन्ध

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णयहरु:

निर्णय नं. १

भुमि व्यवस्थापन कृषिको उत्पादकत्व वृद्धि र बेरोजगारी घटाउन बाझो जमिनको सदुपयोग गर्न भुमी सहजिकरण र व्यवस्थापन गर्न कृषि उत्पादन बृद्धि गर्न भुमी प्रयोगमा न्यायपूर्ण पहुँच सुनिश्चित गर्न भुमी बैक सम्वन्धी कार्यविधि २०८२ स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

जनस्वास्थ सुधार गर्नै उद्देश्यले खाना स्वास्थ्य सरसफाइ र शिक्षा सम्वन्धी गतिविधिहरु सञ्चालन गर्न मातृ शिशु षोषण  विद्यालय पोषण कार्यक्रम सामुदायिक पोषण कार्यक्रम सुक्ष्म पोषण कार्यक्रम जस्ता कार्यक्रमहरुलाइ व्यवस्थित गराउनका लागि बनाइएको पोषण कार्यक्रम कार्यविधि र निर्देशिका पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ३

कुकुर दर्ता नियन्त्रण सुरक्षा स्वास्थ्य तथा समुदाय मैत्री व्यवस्थान गर्नका लागि पालिकाले तयार गरेको घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि २०८२ पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ४

कृषकहरुले सिप सिक्दै अभ्यास गर्दै किसानहरुले प्रयोग परिक्षण र तुलना सहित समस्या र समाधान समेतका विषयमा सिकाइ गरिने सैद्दान्तिक र प्रयोगात्मक सहितको कक्षा सञ्चालन साथै विविध खालका अन्य तालिम सञ्चालन गर्नका लागि तयार भएको कृषक पाठशाला तथा कृषि तालिम सञ्चालन कार्यविधि २०८२ पारित गर्ने निर्णय गरियो।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ५

फेदीखोला गाउँपालिकाको नव निर्मित प्रशासकीय भवनको परिसर खुला रहकोले उक्त परिसर मा गेट सहितको बाल कम्पाण्ड निर्माण गर्नका लागि विनियोजित बजेट बाट सम्पन्न गर्न कठिनाइ भएकोले सो सम्पन्न गर्नका लागि आवश्यक थप बजेट व्यवस्थापन गरि सम्पन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

स्थानीय तहका लागि प्रयोग हुने website को नमुना (Tamplate) उपलव्ध गराइदिनका लागि सघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

फेदीखोला गाउँपालिकाको भवनको परिसरको चारकिल्ला छुट्याउनु पर्ने भएकोले नव निर्मित प्रशासकीय भवनको परिसर खुला रहकोले उक्त परिसर मा गेट सहितको बाल कम्पाण्ड निर्माण गर्नका लागि विनियोजित बजेट बाट सम्पन्न गर्न कठिनाइ भएकोले सो सम्पन्न गर्नका लागि आवश्यक थप बजेट व्यवस्थापन गरि सम्पन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

सघिय' सरकारवाट शशर्त कार्यक्रम अन्तरगत बजेट उपिशर्षक ८०१०४३०८ को कार्यक्रममा स्याङ्जा जिल्ला फेदीखोला आरुखर्कको भौतिक विकास योजना बमोजिमका घनाबस्तीमा एकीकृत पूर्वाधार विकास कार्यक्रम मा स्थान नतोकीएकोले सो कार्यक्रम सञ्चालन गर्नका लागि ४ न वडा कार्यालय देखि कुवापनी हुदै जैसीडाडा सम्म सडक स्तरोन्नती गर्ने

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

उक्त स्थानमा नागरिकहरुबाट सहमती हुन नसकेमा सर्केटारी अस्पताल मार्गमा मा सडक स्तरोन्नती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

विद्यालयस्तीरीय खेलकुद प्रतियोगिता राष्टपति रनिङ शिल्ड खेलकुद कार्यक्रम यस पालिकाले अघिल्ला वर्षहरु झै गरी यस बर्ष पनि ३ ४ र ५ गते व्यवस्थित रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

फेदीखोला गाउपालिका द्वारा आन्तीरक स्रोत बास्तविक आम्दानी भन्दा धेरै बढि स्रोत अनुमान गरि बजेट तथा कार्यक्रम स्विकृत गरिएकोमा उक्त स्विकृत कार्यक्रम स्रोत अभावका कारण सञ्चालन गर्न कठिनाइ भएकोले हाललाइ शसर्त कार्यक्रमहरु सञ्चालन गर्दै जाने र जहा आन्तरिक स्रोत उल्लेख गरि कार्यक्रम बनाइको छ । उक्त कार्यक्रम प्राथमिकताको आधारमा पछि छलफल पश्चात मात्र सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

निवृत्तिभरण कोष ऐन २०७५ संशोधन गरी दफा ९ को खण्ड क मा शिक्षक सेवा समेत थप गरी २०७५/१२/४ पछि स्थायी नियुक्ति हुने शिक्षकहरूलाई योगदानमा आधारित निवृत्तिभरण कोषमा आबद्ध गरीएकोमा २०७६ श्रावण देखि ६ प्रतिशत शिक्षक र ६ प्रतिशत सरकारको तर्फबाट जम्मा गरीएको योगदान रकम सम्वन्धीत विद्यालयमा खातामा रहेको हुनाले शिक्षकहरुले जम्मा गरेको ६ प्रतिशत रकममात्र सम्वन्धीत शिक्षकको खातामा जम्मा गर्ने निर्णय गरियो ।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रस्ताव नं. १२ माथी छलफल गरी तपशिल बमोजिमको निर्णय गरियो।

(क) मिति २०८२।०६।२८ मा प्रकाशित नवप्रर्वतन साझेदारी परियोजना कार्यक्रमको लागि यस गाउँपालिकाद्वरा स्माट फेदीखोला मौरीपालन तथा बजारीकरण नामक परियोजना पेश गर्ने निर्णय गरियो।

(ख) प्रस्तावित परियोजनाको कुल लागत जम्मा रु ८६,००,००० (अक्षरेपी छयासी लाख मात्र) मध्येको तिस ३०% प्रतिशत हुन आउने जम्मा रु.२५,८०,००० (अक्षरेपी पच्चिस लाख असी हजार मात्र) रकम गाउँपालिकाले साझेदारी गर्ने पेश निर्णय गरियो।

(ग) कार्यक्रम कार्यान्वयन गर्नको लागि फेदीखोला गाउँपालिका प्रशासन योजना तथा आन्तरिक व्यवस्थापन शाखा प्रमुख अधिकृत छैठौं श्री ढाकाराम मरासिनीलाई तोक्ने निर्णय गरियो।

घ) स्माट फेदीखोला मौरीपालन तथा बजारीकरण कार्यक्रम कार्यान्वयनको लागि तपशिल बमोजिमको कार्यान्वयन समिति गठन गरि परियोजना अगाडि बढाउने निर्णय गरियो।

संयोजक- प्रमुख प्रशासकीय अधिकृत
सदस्य - कार्यक्रम सम्पर्क व्यक्ति
सदस्य - सहायक लेखा अधिकृत
सदस्य सचिव -कृषि शाखा प्रमुख

ङ) यस आर्थिक वर्षमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको रुपमा गण्डकी प्रदेश सरकारबाट प्रस्ताव माग भएमा गत आर्थिक वर्षदेखी शुरु भएको नवप्रवर्तनात्मक व्यवसायिक **मौरीपालन परियोजना** लाई पुर्णता दिनको लागि स्माट फेदीखोला मौरीपालन तथा बजारीकरण परियोजना पेश गर्ने निर्णय गरियो।

साथै प्रस्तावना माग गर्दा गाउँपालिकाले व्यहोर्नुपर्ने लागत साझेदारी रकम गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो।

च) उक्त कार्यक्रमको लागि पनि फोकल व्यक्ति र कार्यक्रम कार्यान्वयन समिति माथि उल्लेखित क्रमस क्र.सं ग र घ मा गठित नै हुने निर्णय गरियो।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १०

फेदीखोला गाउपालिका द्वारा आन्तीरक स्रोतमा हालसम्म ६ लाख ३० हजार ५ सय उनानव्वे रुपैया पैसा अठहत्तर आम्दानी र हालसम्मको कुल खर्च प्रतिशत १४।०९ प्रतिशत रहेको

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner